# सूर्यविनायक नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय,भक्तपुर
### बागमती प्रदेश ,नेपाल

## औषधी तथा सर्जिकल सामाग्रीहरु खरिद सम्बन्धि विद्युतीय बोलपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८०।०५।०६)

यस कार्यालयको चालु आ.व ०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तरगर्तका स्वास्थ्य संस्था तथा स्वास्थ्य केन्द्रहरुबाट निशुल्क रुपमा बितरण गरिने औषधी तथा सर्जिकल सामाग्रीहरु विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय बोलपत्रपेश गर्न आव्हान गरिन्छ ।

१. विद्युतीय बोलपत्र दस्तुर रु ३००० (अक्षेरुपी तीन हजार रुपैया) फिर्ता नहुने गरि यस कार्यालयको NIC ASIA BANK भक्तपुर स्थित आन्तरीक राजश्व खाता नं. गे. १-१-००८२०५००४२१२०००३ मा दाखिला गरेको सक्कलै बैंक भौचर र धरौटी खाता नं. ग.३-००८२०५००४२१२००१७ मा औषधी र सर्जिकल सामाग्रीको लागि दाखिला गरेको सक्कलै बैक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स बण्डमा परिवर्तन गर्न पाईने छैन ।

२. विद्युतीय बोलपत्र खरिदकर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व ०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

३ विद्युतीय बोलपत्र ले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

४. विद्युतीय बोलपत्र आव्हान सम्बन्धि सूचना प्रकाशन गरिएको मितिले तीस दिन (२०८०।०६।०४) दिनको ११.०० बजेभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।

५. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह २.०० बजेदेखि ( बोलपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा। प्रतिनिधि उपस्थित नभए पनि) यस कार्यालयमा खोलिनेछ ।

६. विद्युतीय बोलपत्र माध्यमबाट पेश गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र विद्युतीय बोलपत्र पेश गर्न सकिनेछ ।

७. औषधीहरु खरिद गर्दा WHO /GMP Certify Company बाट उत्पादित औषधी मात्र खरिद गरिनेछ ।

८. आपूर्ति हुने औषधीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तीमा १८ महिना बाँकी हुनु पर्नेछ । तर, कुनै औषधीको Expiry Date १८ महिनाभन्दा कम हुने अवस्थामा कूल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

९. सप्लाई हुने औषधीहरुको प्रत्येक Strip/Lebeling/Packeting को बाहिर उत्पादन मिति, Expiry Date, Batch No.,उत्पादक कम्पनीको नाम र "नेपाल सरकारद्वारा निशुल्क बितरणको लागि" भन्ने वाक्यांश उल्लेख भएको हुनु पर्नेछ ।

१०. धुलो र झोल औषधी बाहेकका औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। बोतल र ट्यूवमा आपूर्ति हुने सबै औषधीहरु सिलबन्दी हुन पर्नेछ।

११.कार्यालयको हातासम्म औषधी ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ

१२. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नवीकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

१३ बोलपत्रदाताले पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ।

१४. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ।

तपसिल :

| विद्युतीय बोलपत्र नं. | विवरण | लागत ईष्टिमेट | | बैंक जमानत रकम | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम ( फिर्ता नहुने ) |
|---|---|---|---|---|---|---|
| | | औषधी | सर्जीकल | | | |
| स्वास्थ्य १/०८०/०८१ | औषधी/सर्जीकल सामाग्रीहरु | १८६५९७३.१३ | ३९००७१.०६ | ६४,०००। | ९० दिन | ३०००। |
| | | २२५६०४४.१८ | | | | |

प्रमुख प्रशासकीय अधिकृत

चाँगुनारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुवाकोट, भक्तपुर बागमती प्रदेश, नेपाल